
**Project Update: July 2017**


**Field Survey**

We overlaid grids of 2 X 2 km on the map of Banke National Park (BaNP) including buffer zones. Of those grids, 25% (under 500 m elevation) were selected using random numbers. We surveyed the selected grids by taking one transect of length 2 km in each selected grid. We recorded presence evidence of four-horned antelope (FHA) (visual encounter and pellets) and laid a 10 X 10 m plot in each recorded presence point.

Different habitat and threat related variables and presence evidence of sympatric species and predators in the plots were recorded. We found many presence evidences of FHA in Banke National park and buffer zones but forest fire and livestock grazing are the serious threat for the species.




Presence points of FHA in BaNP (overlaid on Google earth)




Presence points of FHA in BaNP



Field visit.

Livestock grazing and forest fire in the national park area.



Research team members with Patrolling team (Nepal Army) in National Park.



Visually encountered FHA during field visit.

**Semi-structured Interview**

A total of 108 interviews were undertaken with residents near the habitat of FHA and data regarding the perception towards the antelope and conflict with them were assessed. In addition, crop damage by other problematic wild animals and locally adapted mitigation effort to control crop loss were documented.



Taking interview with local people



Maize damaged by wild boar in the buffer zone area.

**Publication of Awareness Materials**

Different conservation awareness materials, posters, leaflets and stickers (1000 copies each). were published and will be distributed in the future meeting and conservation awareness programmes.




.
Published poster




Published sticker


चौका संरक्षणका चुनौतीहरू

मासु र सिङका लागि गरिने अवैध शिकार, वासस्थान साघुँरिदै जानु, वासस्थानमा डढेलो लाग्नु, घरपालुवा चौपायाले चौकाको चरिचरण क्षेत्र अतिक्रमित हुनु साथै वासस्थान वरपरका सडकमा तिव्र गतिमा चलाइने सवारिका कारण दुर्घटनामा पर्नु जस्ता कारणले चौका संवेदनशिल अवस्थामा पुगेको छ। चौका संरक्षण सम्वधी जनचेतनाको कमी र आवश्यक अध्ययन अनुसन्धानको कमिले पनि यसको संरक्षणमा थप चुनौतीहरु श्रृजना गरेको छ।

चौकाको वासस्थानमा घरपालुवा चौपायाको चरिचरण फोटो: सबिना कोइराला

चौकाको संरक्षण किन गर्ने ?

- नेपाल र भारतमा मात्र पाइने यो प्रजाती संवेदनशील अवस्थामा रहेकाले ।
- भावीपुस्ताले चौका प्राकृतिक वासस्थानमा देख्न पाउने सुनिश्चितताको लागि ।
- चौका चारवटा सिङ भएको विश्वकै एकमात्र स्तनधारी जनावर भएकाले ।
- चौकाको अवलोकनबाट पर्या-पर्यटन प्रवर्द्धन गरी स्थानीय समुदायको जीविकोपार्जन र विकासमा टेवा पुऱ्याउन ।

चौका संरक्षणको लागी के गर्न सकिन्छ ?

१) चौकाको वासस्थान भएको क्षेत्रमा अत्याधिक चरिचरण नियन्त्रण गर्ने ।
२) वनमा हुने आगजनी रोक्न सावधानी अपनाउने ।
३) चौकाको चोरी शिकारी नगर्ने, अरु कसैले गरेको थाहा पाएमा नजिकै रहेको राष्ट्रिय निकुञ्जको कार्यालय, वन कार्यालय वा पायक पर्ने स्थानको सुरक्षा निकायमा जानकारी गराउने । याद राख्नुहोस्, तपाइले दिएका जानकारीहरु गोप्य रहनेछन् ।
४) चौकाको वासस्थान क्षेत्रमा सिमित गति र होशियारी पुर्वक सवारी साधन चलाउने ।
५) सामुदायिक वनहरुले आफ्नो कार्ययोजनामा चौका लगायत अन्य वन्यजन्तुको संरक्षण गर्ने कार्य क्रम समावेश गर्ने ।
६) विद्यालयका अतिरिक्त पाठ्यक्रम र क्रियाकलापहरुमा चौका लगायत अन्य वन्यजन्तु र पर्यावरण संरक्षण सम्बन्धी विषयहरु समावेश गर्ने ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ लाई संशोधन गर्न बनेको ऐनको दफा २६ (उपदफा ५ ग) अनुसार कसैले सम्बन्धित निकायबाट अनुमति प्राप्त नगरी चौका पाल्ने गरे गराएमा ६ महिना सम्म कैद वा पचास हजार रुपैंया सम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

तपाई हाम्रो सानो कदमले चौका लगायत अन्य वन्यजन्तु र वातावरणको संरक्षणमा ठुलो भुमिका खेल्छ । त्यसैले राष्ट्रिय निकुञ्ज, गैर सरकारी संस्था, अनुसन्धानकर्ता, संरक्षणकर्मी र समुदायहरु विच समन्वय गरी चौका र समग्र जैविक विविधता संरक्षणमा हातेमालो गरौं ।


थप जानकारीको लागि
साना स्तनधारी प्राणी संरक्षण तथा अनुसन्धान फाउन्डेशन
काठमाडौं, नेपाल
पोष्ट वक्स नं: ९०९२
फोन नं: ९८४१४९८९६४ (सबिना कोइराला)
इमेल: info@smcrf.org, sabina.koirala2@gmail.com
वेब: www.smcrf.org

'चौका संरक्षण हामी सबैको साझा दायित्व'

"दुर्लभ चौका र यसको बासस्थान संरक्षणमा हातेमालो गरौं"
Let's unite together in conserving threatened Four-horned antelope and its habitat

The Rufford Foundation
www.rufford.org

Published Leaflet (Page 1 and 4)


चिनारी

चौका (Four-horned antelope) नेपालको तराई क्षेत्रमा पाइने एक दुर्लभ स्तनधारी जनावर हो । सामन्यता गाढा खैरो रङको देखिने वयस्क चौकाको उचाइ ५५-६४ से.मि. तथा तौल १६-२१ कि.ग्रा सम्म हुन्छ । यसको प्रत्येक खुट्टाका अगाडि प्रष्ट देखिने सोझा गाढा पट्टीहरु हुन्छन् साथै खुरका माथिल्लो भागमा सेतो गोलो घेरा देखिन्छ ।

पोथी चौका र पाठो फोटो: बब लामा

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ लाई संसोधन गर्न बनेको ऐनको दफा २६ (उपदफा २) अनुसार चौकालाई मारेमा वा कुनै प्रकारले अङ्गभङ्ग हुने गरी हानि पुऱ्याएमा १ लाख रुपैंया देखी ५ लाख रुपैंया सम्म जरिवाना वा १ वर्ष देखी १० वर्ष सम्म कैद वा दुवै सजाय हुन सक्ने कानुनी प्रावधान छ ।

भाले चौकाको दुइ जोडी सिधा, साना र ठाडा परेका सिङहरु हुन्छन्, जसमध्ये अगाडिको सिङ १-२.५ से.मी. लामो हुन्छ भने पछाडिको सिङ ८-१० से.मी.सम्म लामो हुन्छ । पोथी चौकाको सिङ हुँदैन । बासस्थान, शारिरिक रुप, रङ र बजनका हिसाबले चौका मृग प्रजाति रतुवा र लगुनासँग झुक्किने खालको हुन्छ । यसको औसत आयु १० वर्ष हुन्छ । हेर्दा मृग प्रजाति जस्तो देखिएता पनि यो मृग प्रजाति अन्तर्गत पर्दैन ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अनुसार चौका संरक्षित स्तनधारी जनावर हो । चौका विश्व स्तरको आइ.यु.सि.एन. रातो सुचि अनुसार संवेदनशील (Vulnerable) अवस्थामा छ भने नेपालको राष्ट्रिय रातो सुचीमा यसको पर्याप्त जानकारी नभएको अवस्था भनेर उल्लेख गरिएको छ । त्यसैगरि साइटिस महासन्धिले चौकालाई अनुसुचि ३ मा राखेको छ ।

रोचक तथ्य: चौका चारवटा सिङ भएको विश्वकै एकमात्र स्तनधारी जनावर हो ।

बासस्थान र पाइने ठाउँ

समुन्द्री सतहबाट ५०० मिटर उचाई आसपास सम्मको सुख्खा पतझड मिश्रित जंगल चौकाको मुख्य वासस्थान हो । जंगलको केही अग्लो भु-भागमा यिनीहरुको उपस्थिति बाक्लो हुन्छ । बारम्बार पानी पिउने भएकाले यिनीहरु पानीको नजिकैको जंगलहरुमा बस्छन् । चौका मानविय उपस्थिति न्युन भएको वासस्थानमा बस्न रुचाउँछ ।

चौकाको वासस्थान
फोटो: सबिना कोइराला

चौका पाईने क्षेत्र
संरक्षित क्षेत्र

चौका नेपाल र भारत मा मात्रै पाइने जनावर हो । नेपालमा यो तराइ, भित्री मधेश र चुरे भुभागका सरक्षित क्षेत्रहरु र आसपासमा मात्र पाइन्छ । यसको संख्या विश्वमा र नेपालमा पनि यकिन गरिएको छैन तर विश्वब्यापि संख्याको करिव ९५ प्रतिशत भारतमा र करीब ५ प्रतिशत नेपालमा पाइन्छन् । नेपालको बर्दिया राष्ट्रिय निकुञ्ज, बाँके राष्ट्रिय निकुञ्ज, चितवन राष्ट्रिय निकुञ्ज र पर्सा राष्ट्रिय निकुञ्जमा चौका पाइन्छ ।

खानपान र बानीव्यहोरा

चौका शाकाहारी जनावर हो । फूल, फल र नयाँ पालुवा जस्ता पोषण तत्वयुक्त खानेकुरा यसको पहिलो रोजाइ हो तर पनि यिनीहरुको आहारमा विविधता हुन्छ । बर्दिया राष्ट्रिय निकुञ्जमा भएको एक अध्ययन अनुसार यसको आहारामा विभिन्न रुख बिरुवाहरु जस्तै टिकुल, रुखगायो, बाँस, बेर, बयर, रोहिणी, पियारी, कालीकाठ, साल इत्यादी भएको भेटिएको थियो । रुखका साथै अन्य घाँस तथा बुट्यानहरु जस्तै भेडे कुरो, दत्तिवन, पारिजात, गन्धे झार, रुदिलो, मुलापाते, दुबो, तोरी गन्धे, घोडे घाँस, बाबियो, सिरु लगायतका अन्य धेरै बोटबिरुवाहरु चौकाको आहारा भएको पत्ता लागेको छ ।

चौका लजालु प्रवित्तृको हुन्छ र एक्लै विचरण गर्न मन पराउँछ । यसले आफ्नो बासस्थान क्षेत्रमा बड्कौला त्याग गरेर र आफ्नो विशेष ग्रन्थीबाट निस्कने कडा गन्धको प्रयोग गरेर आफ्नो क्षेत्र निर्धारण गर्छ ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ लाई संसोधन गर्न बनेको ऐनको दफा २६ (उपदफा १) अनुसार चौकाको आखेटोपहार राख्ने, खरिद गर्ने, बिक्रि गर्ने वा ओसार पसार गर्ने व्यक्तिलाई पाँच लाख रुपैंया देखि दशलाख रुपैंया सम्म जरिवाना वा पाँच वर्ष देखि पन्ध्र वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

चौकाको बड्कौला फोटो: बिजय अधिकारी

Published leaflet (Page 2 and 3)